# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) राप्ती उपत्यका (देउखुरी), नेपाल असार ३२ गते, २०८३ साल (अतिरिक्ताङ्क ६

## भाग १

## लुम्बिनी प्रदेश सरकार

## प्रदेश प्रमुखको कार्यालयको

## सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं. ०६

# आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन संवत् २०८३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पुँजीगत खर्चसमेत गरी महल ६ मा उल्लिखित जम्मा रकम रु. ३७,३७,२६,९८,०००/- (अक्षरेपी रु. सैंतीस अर्ब सैंतीस करोड छब्बीस लाख अन्ठानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको

रकम आर्थिक वर्ष २०८३/८४ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम सम्बन्धित बजेट उपशीर्षकको त्रैमासिक विभाजन समेत हेरी निकासा दिनेछ।

(३) एक मन्त्रालय वा निकाय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय वा निकाय मातहतको कार्यालयमार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको मन्त्रालय वा निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी फागुन मसान्तभित्र प्रदान गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अनुरोध गर्नुपर्नेछ। सोको जानकारी महालेखा परीक्षकको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनुपर्नेछ।

(४) कुनै निकायलाई एक भन्दा बढी निकायमार्फत खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको लेखा उत्तरदायी अधिकृतले संवत् २०८३ साल चैत्र मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धिसहित स्रोतगत बाँडफाँड गरी सोको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनुपर्नेछ।

(५) एउटै अनुदान सङ्केत अन्तर्गतको कुनै निकायका लागि विनियोजित रकम अर्को निकायले खर्च गर्ने गरी लेखा

उत्तरदायी अधिकृतले चैत्र मसान्त भित्र अख्तियारी प्रदान गर्न सक्नेछ।

(६) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत भएको मानिनेछ।

तर प्रशासनिक खर्च बाहेक प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा विनियोजन भएको निकायले विस्तृत क्रियाकलाप खुलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई त्यस्ता विस्तृत क्रियाकलाप प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा संवत् २०८३ साल पौष मसान्तभित्र प्रविष्टि गरिसक्नु पर्नेछ। सो समयावधिभित्र स्वीकृत गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(७) सङ्घीय ससर्त अनुदानतर्फ विस्तृत क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा सङ्घीय सरकारले तोकेबमोजिम हुनेछ।

(८) उपदफा (३), (४) वा (५) बमोजिम बाँडफाँडबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

५. <u>रकमान्तर, स्रोतान्तर र कार्यक्रम वा क्रियाकलाप संशोधन सम्बन्धी व्यवस्थाः</u> (१) दफा ३ बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा अपुग हुने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत

हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एक भन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न तथा चालु एवं पुँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्केतभित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकतर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजना वा कार्यक्रममा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(घ) शुरु विनियोजन नभएको खर्च शीर्षक तथा क्रियाकलापमा र आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिसम्म रकमान्तर गर्न पाइनेछैन।

(३) स्थानीय तहका लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ६०२- अर्थ विविधमा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना, कार्यक्रम वा क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा आवश्यकता र औचित्यको आधारमा कार्यक्रमको उद्देश्य, मर्म र विषयगत क्षेत्र परिवर्तन नहुने गरी संवत् २०८३ साल चैत्र मसान्तभित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतले संशोधन गर्न सक्नेछ।

तर नेपाल सरकारबाट प्राप्त हुने ससर्त, समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रमको रकमान्तर र संशोधन सम्बन्धी व्यवस्था सङ्घीय विनियोजन ऐन, २०८३ बमोजिम हुनेछ।

(६) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको बजेट र क्रियाकलापको त्रैमासिक संशोधन आवश्यकता र औचित्यको आधारमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले गर्न सक्नेछ।

(७) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा २० को उपदफा (२) को अधीनमा रही रकमान्तर गर्नुपर्ने भएमा आफ्नो मन्त्रालय वा निकायको अनुदान सङ्केत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा चालु खर्चतर्फ रकम नपुग भएमा सो अनुदान सङ्केत अन्तर्गत रकम बचत भएको अन्य बजेट उपशीर्षकहरूको चालु खर्च शीर्षकबाट स्रोत परिवर्तन नहुने गरी थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पन्ध्र प्रतिशतसम्मको रकमान्तर सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्न सक्नेछ।

(८) पुँजीगत खर्च शीर्षकतर्फको रकमान्तर आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ। आवश्यकताको आधारमा रकमान्तर सम्बन्धी अधिकार सर्त सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई प्रत्यायोजन गर्न सकिनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका खर्च शीर्षकको हकमा अन्तर खर्च शीर्षक (इन्टर-इकोनोमिक कोड) मा रकमान्तर तथा क्रियाकलाप संशोधन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्न सक्नेछः-

| क्र.सं. | खर्च सङ्केत नं. | खर्च शीर्षक |
|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |
| ४ | २११२२ | खाद्यान्न |
| ५ | २११२३ | औषधी उपचार खर्च |
| ६ | २११३१ | स्थानीय भत्ता |
| ७ | २११३२ | महँगी भत्ता |
| ८ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार |
| ९ | २११४२ | पदाधिकारी अन्य सुविधा |
| १० | २१२१२ | योगदानमा आधारित निवृत्त भरण तथा उपदान कोष खर्च |
| ११ | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च |
| १२ | २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |
| १३ | २७१११ | सामाजिक सुरक्षा |

(१०) उपदफा (६), (७), (८) र (९) बमोजिम रकमान्तर, कार्यक्रम वा क्रियाकलाप वा त्रैमासिक विभाजन

संशोधन गर्दा स्रोतमा परिवर्तन हुने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(११) यस दफा बमोजिम रकमान्तर स्रोतान्तर र , कार्यक्रम वा क्रियाकलाप वा त्रैमासिक विभाजन संशोधन भएको जानकारी महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनुपर्नेछ।

६. अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः (१) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानुन बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रूपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले आर्थिक वर्ष २०८३/८४ को भाद्र, मंसिर, फागुन र जेठ महिना गरी चार समान किस्तामा स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकममध्ये ससर्त, समपूरक र विशेष अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले भाद्र मसान्तभित्र र बाँकी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले कार्य प्रगति र खर्चको विवरणका आधारमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनुपर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् वा अन्य कुनै असामान्य परिस्थिति उत्पन्न भई

लक्ष्य अनुरूप राजस्व सङ्कलन हुन नसकेमा वा नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँडको रकम परिवर्तन भएमा प्रदेश सरकारले अनुदानको सीमा पुनर्निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिमको अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा कार्तिक, माघ र वैशाख महिनाको पन्ध्र गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको भदौ सात गतेभित्र पेस गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम रोक्का राख्न सकिनेछ।

(७) स्थानीय तहले उपदफा (३) बमोजिम प्राप्त गर्ने अनुदान जुन विषय वा क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयन प्रक्रिया, मासिक नगद प्रवाहको विवरण, सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान र खर्च अनुमानसहितको कार्ययोजना श्रावण मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पेस गर्नुपर्नेछ।

(८) उपदफा (३) बमोजिमको अनुदान रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमार्फत सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। कुनै मनासिब कारणले उक्त अवधिभित्र रकम दाखिला गर्न नसकिएमा आगामी आर्थिक वर्षको साउन मसान्तभित्र दाखिला गर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिम अनुदानको रकम दाखिला नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको निर्देशनमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँडको रकमबाट कट्टा गरी समायोजन गर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनुपर्नेछ।

(१०) प्रदेश आर्थिक ऐनले निर्धारण गरे बमोजिम स्थानीय तहले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गरेको राजस्व रकम प्रचलित कानुन बमोजिम बाँडफाँड गरी प्रदेश सरकारको हिस्सा प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा प्रदेश सरकारबाट सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिने अनुदान र राजस्व बाँडफाँडको रकम रोक्का राख्न सकिनेछ।

७. <u>आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था</u>: (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी रकम विनियोजन भएको चालु खर्च शीर्षकतर्फको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई पौष मसान्तभित्र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई त्यस्तो स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्त हस्तान्तरण गर्नुपर्नेछ।

(२) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा पौष मसान्तसम्ममा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको

स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो आयोजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहमार्फत कार्यान्वयन गर्ने गरी वित्त हस्तान्तरण भएका कार्यक्रममा विनियोजित रकमको एक तिहाइ रकम हस्तान्तरण गरिनेछ। बाँकी रकम कार्य प्रगति र खर्च विवरणका आधारमा दफा ६ को उपदफा (३) बमोजिम हस्तान्तरण हुनेछ।

(५) उपदफा (२) बमोजिम स्थानीय तहको आयोजना प्रदेश सरकारको सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सो निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी रकम निकासा दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको खातामा जम्मा भएको रकम खर्च नभई बाँकी रहेमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ।

(७) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी विनियोजन भएको पुँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐनको व्यवस्था बमोजिम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्न सकिनेछ।

(८) उपदफा (७) बमोजिमको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनुपर्नेछ।

(९) उपदफा (८) बमोजिम नेपाल सरकारको कुनै निकायबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णयको जानकारी प्राप्त भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न लगाई आयोजना वा कार्यक्रममा विनियोजित बजेट प्रदेशको एकल खाता कोष प्रणालीमार्फत प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले रकम निकासा दिनुपर्नेछ।

(१०) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने ससर्त अनुदान अन्तर्गत समावेश वैदेशिक स्रोततर्फ नगद अनुदान र नगद ऋणको स्रोत फुकुवा गर्दा महालेखा नियन्त्रक कार्यालयको पत्रका आधारमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा आफ्नो मन्त्रालय अन्तर्गतको आयोजना वा कार्यक्रमको लागि विनियोजन भएको बजेटमध्ये निकायगत रुपमा फुकुवा हुने रकमको सीमा तोकी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमार्फत् फुकुवा भएको बजेट निकासा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(११) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने ससर्त अनुदान अन्तर्गत समावेश वैदेशिक स्रोततर्फ सोधभर्ना हुने अनुदान र ऋणको स्रोत फुकुवा हुँदा महालेखा नियन्त्रक कार्यालयको पत्रका

आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारका लागि सङ्घीय मन्त्रालयगत बजेट सूचना प्रणालीमा विनियोजन भएको त्रैमासिक विभाजन हेरी सोको आधारमा फुकुवा भएको प्रतिशत निर्धारण गरी प्रदेश सरकारको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा भएको सम्बन्धित आयोजना वा कार्यक्रमको फुकुवा हुने प्रतिशत तोकी सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमार्फत् फुकुवा भएको बजेट निकासाको व्यवस्था मिलाउनु पर्नेछ।

८. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था:</u> (१) यस ऐन बमोजिम एक तहको सरकारको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा खर्च गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाइको रूपमा प्रचलित कानुनले तोकेबमोजिमको लेखा राखी, आर्थिक विवरण प्रमाणित गराई आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणित आर्थिक विवरण र लेखापरीक्षण प्रतिवेदन सुरु विनियोजन भएको तह र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट ससर्त अनुदान अन्तर्गत वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना वा कार्यक्रम प्रदेश सरकारले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्त भएमा त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले बजेटको स्रोत र भुक्तानी विधि सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा तोकिएको समयभित्र तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमार्फत नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा प्रतिवेदन पेस गर्नुपर्नेछ।

(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट बजेट प्रणाली बाहिरको (एक्स्ट्रा बजेटरी) निकायलाई प्राप्त हुने अनुदानको प्रचलित कानुन बमोजिम लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण गराउनु पर्नेछ ।

९. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:</u> (१) स्थानीय तहले सङ्कलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानुन बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण बापतको रकम कानुन बनाई खर्च गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कानुन बनाउँदा देहायका सर्त पालना गर्नुपर्नेछः-

(क) प्रदेश सरकारको आर्थिक र वित्तीय कानुन तथा नीति अनुशरण गर्ने,

(ख) आफ्नो सबै आय सञ्चित कोष वा विभाज्य कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्ने,

(घ) पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) कुनै आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम खण्डीकरण गरी अन्य आयोजना वा कार्यक्रममा खर्च नगर्ने,

(च) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ तथा अन्य प्रचलित कानुनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागु गर्ने,

(छ) ससर्त, समपूरक र विशेष अनुदानका आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत रकमबाट पुनः खरिद सम्बन्धी कारबाही नगर्ने,

(ज) ससर्त र विशेष अनुदानका आयोजना वा कार्यक्रमको लागत अनुमान तयार गर्दा प्रदेशबाट हस्तान्तरण भएको अनुदान रकममा नबढाई ठेक्का बन्दोबस्त गर्नुपर्नेछ र सोही लागत अनुमान अनुसार भएको ठेक्का सम्झौता रकममात्र प्रदेशबाट वित्तीय हस्तान्तरण गरिने।

(३) प्रचलित कानुन बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान प्रदेश सरकारको कार्यसञ्चालन कोष (विविध) खाताबाट खर्च गर्दै आएको भए आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ र सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको रकम दाखिला नगरेमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले त्यस्तो खातामा रहेको रकम रोक्का राख्न सक्नेछ र आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम बराबर

आगामी आर्थिक वर्षमा उपलब्ध गराउने जुनसुकै रकमबाट कट्टा गर्नेछ।

(५) यस ऐन बमोजिम बजेट विनियोजन भई खर्च गर्ने निकायले कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत हुने रकमबाट पुनः ठेक्का लगाउन पाइने छैन।

(६) स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक थप आर्थिक दायित्व सिर्जना हुने विषयमा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वसहमति लिनुपर्नेछ।

(७) यस ऐनबाट विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्न पाइने छैन। त्यस्तो कार्य गर्ने जिम्मेवार पदाधिकारीलाई प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा ५६ को उपदफा (५) बमोजिम सम्बन्धित अधिकारीले कारबाही गर्न सक्नेछ।

१०. <u>कानुन बमोजिम विनियोजन भएको मानिने:</u> (१) यस ऐनमा व्यवस्था भएको विषयमा यसै ऐन बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि तथा विनियोजनमा भएको त्रुटि आर्थिक मामिला तथा योजना मन्त्रालयले सच्याउन सक्नेछ।

(३) यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा परियोजना बैङ्कमा प्रविष्टि नभएको वा अन्य कुनै प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजन भएको रकम कानुन विपरीत विनियोजन भएको मानिने छैन।

(४) कुनै आयोजना वा कार्यक्रमका लागि नेपाल सरकार वा स्थानीय तहबाट आर्थिक वर्षमा रकम प्राप्त भएमा यसै ऐन बमोजिम विनियोजन भएको सरह मानी कार्यान्वयन गरिनेछ।

११. <u>निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाउन सक्नेः</u> (१) बजेट विनियोजनलाई प्रभावकारी बनाउन तथा यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाउन सक्नेछ। त्यस्तो निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा सचिवालयले पौष मसान्तभित्र निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ। त्यस्तो निर्देशिका वा कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।

तर थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने निर्देशिका वा कार्यविधि बनाउँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाई लागु गर्न गराउन सक्नेछ।

१२. <u>प्रदेश सरकारले विशेष व्यवस्था गर्न सक्नेः</u>(१) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक प्रकोप लगायतका विपद्जन्य विशेष परिस्थिति सिर्जना भएमा प्रदेश सरकारले जुनसुकै शीर्षकबाट खर्च गर्नेगरी आवश्यक रकम व्यवस्था गर्न सक्नेछ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८३/०८४ मा नयाँ स्थापना हुने, गाभिने, खारेज एवं पुनःसंरचना हुने निकायहरुको कार्यालय कोड, बजेट उपशीर्षक, खर्च शीर्षक कायम, हेरफेर वा संशोधन र रकमान्तर वा स्रोतान्तर सम्बन्धमा प्रदेश सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

## प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु | पुँजीगत | जम्मा |
| १. | २०२ | प्रदेश सभा | ६८,१७ | ० | ६८,१७ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ३९,८५ | ० | ३९,८५ |
| ३. | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - फैसला वा आदेश बमोजिम तिर्नुपर्ने रकम | १०,०० | ० | १०,०० |
| जम्मा | | | १,१८,०२ | ० | १,१८,०२ |

# अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु | पुँजीगत | जम्मा |
| १. | २०२ | प्रदेश सभा | २०,५२,८३ | २,००,०० | २२,५२,८३ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ९,५२,१५ | १,००,०० | १०,५२,१५ |
| ३. | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३६,७१,२५ | ७,८२,०० | ४४,५३,२५ |
| ४. | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १०,६८,७२ | २,७२,०० | १३,४०,७२ |
| ५. | ३०७ | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय | ७४,८८,६८ | १,०९,४८,२८ | १,८४,३६,९६ |
| ६. | ३०८ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | ३०,९२,०० | २,५०,१४,०० | २,८१,०६,०० |
| ७. | ३१२ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | १,६७,४०,१९ | १०,६६,८१ | १,७८,०७,०० |
| ८. | ३१४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १७,२५,१७ | ८,५२,०१ | २५,७७,१८ |
| ९. | ३२९ | वन तथा वातावरण मन्त्रालय | १,१८,८८,७८ | ५३,५९,१५ | १,७२,४७,९३ |
| १०. | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३५,५२,०० | ९,८२,९३,५९ | १०,१८,४५,५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | ३४३ | युवा तथा खेलकुद मन्त्रालय | १७,९९,५० | २०,१३,३० | ३८,१२,८० |
| १२. | ३४७ | शहरी विकास तथा खानेपानी मन्त्रालय | ३४,२०,६१ | ३,८१,७६,४७ | ४,१५,९७,०८ |
| १३. | ३५० | सामाजिक विकास मन्त्रालय | १,४२,२७,७४ | १,६३,२०,१८ | ३,०५,४७,९२ |
| १४. | ३७० | स्वास्थ्य मन्त्रालय | ३,२९,०६,५१ | २,३६,६६,४३ | ५,६५,७२,९४ |
| १५. | ३९१ | प्रदेश योजना आयोग | २,९२,४५ | ३७,५५ | ३,३०,०० |
| १६. | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय-अर्थ विविध | ६१,३०,५० | ४०,६३,६३ | १,०१,९४,१३ |
| १७. | ८०१ | स्थानीय तह | ३,५५,५२,५० | | ३,५५,५२,५० |
| | | **जम्मा** | **१४,६५,६१,५८** | **२२,७१,६५,४०** | **३७,३७,२६,९८** |

...................................

आज्ञाले

सुरेश चन्द्र आचार्य

प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु .१५।-